"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"

# इन्द्रसरोवर गाउँपालिका

कुलेखानी, मकवानपुर

## इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष श्री उमा कुमारी लामाज्यू द्वारा प्रस्तुत आ.व. २०८२/०८३ को बार्षिक बजेट वक्तब्य

पन्ध्रौ गाउँ सभा

१० असार २०८२

**सभाका सभाध्यक्षज्यू ,**

**सभाका सदस्यज्यूहरु,**

**कार्यालय प्रमुख एवं कर्मचारी मित्रहरु,**

**पत्रकार साथीहरु र**

**अन्य उपस्थित महानुभावहरु ।**

नेपालको संविधानमा भएको संघीय कानूनी व्यवस्था अनुरुप आज म इन्द्रसरोवर गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष आ.व. ०८२/०८३ को वजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु ।

सर्वप्रथमतः यो देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै इन्द्रसरोवर गाउँपालिकामा न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्द रहेका सम्पूर्ण इन्द्रसरोवर निबासी र इन्द्रसरोवरका आदरणीय अग्रज राजनीतिक नेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

यस इन्द्रसरोवर गाउँ कार्यपालिकाले संघीय सरकार र प्रदेश सरकारसंग नेपालको संबिधान अनुसार सहअस्तित्व, समन्वय र सहकार्यमा रही समृद्ध इन्द्रसरोवर गाउँपालिका निर्माणका लागि दीर्घकालीन सोचका साथ अगाडी बढिरहेको जानकारी गराउन चाहन्छु । यस गाउँपालिकामा ऐतिहासिक मानव निर्मित इन्द्रसरोवर ताल, भालेश्वर महादेव, गुसेश्वर गुफा, लामवगरमा अवस्थित नाट्यश्वरी महादेव मन्दिर, धानेश्वर धनलक्ष्मी मन्दिर, खानीखेतमा अवस्थित पञ्चकन्या देवी मन्दिर, किटेनी स्थित सरस्वती मन्दिर, लुण्डुप छ्योलिङ गुम्वा, धेचीन गुम्वा, महाङ्कालथान, सुकौरा लुण्डुप छयौनिङ गुम्वा, सिस्नेरी स्थित ज्याङतेर छ्योलिङ गुम्बा, पञ्चकन्या देवी मन्दिर, हुमाने डाँडा दृष्यावलोकन गर्ने ठाँउ, भैरवनाथ मन्दिर, सलेमले डाँडाँ, पुरानो खर्क, डाँडाखेल पौवा, जातीपोखरी, राकसखोलाको मानेडाँडा, महाङकाल मन्दिर, लक्ष्मीनारायण मन्दिर सिम्लाङ, शक्तेश्वर मन्दिर वज्रमाठ, ओखरडाँडा चैत्य र शिकारी गाँउ, छडधार लगायतका ऐतिहासिक तथा धार्मिक ठाँउहरु रहेका छन् ।त्यस्तै आजादेश्वर मन्दिर सिस्नेरी, लंकाधामी अदुवावारी, सुन्दरीदेवी ठुलोटार, कालीदेवी बल्छी भन्ज्याङ, सेतीदेवी दम्की, नारायणथान मन्दिर टेकर आदि स्थानहरु पनि धार्मिक हिसावले महत्वपुर्ण रहेका छन्। हाल यस गाँउपालिका क्षेत्रमा विभिन्न पार्कहरु जस्तै शान्ती बगैचा बाटिका कुलेखानी वडा नं.२, पिक्निक स्पट कुलेखानी वडा नं.२, आउटलेट रहेको स्थान, काशिचौर फाखेल वडा नं.४ र पिक्निक स्पट, ठाडो खोला झर्ना वडा नं.१ रहेका छन् । आगामी वर्षहरुमा यस क्षेत्रको विकासका लागि अझै अध्ययन अनुसन्धान गरी ग्रामीण पर्यटन प्रबर्दन गर्न सकिने देखिन्छ र आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई प्रशस्त आय आर्जन बढाउन सक्ने अवसरहरु पनि रहेको छ ।

यस गाउँपालिकामा वौद्ध, हिन्दू र क्रिश्चियन धर्मावालम्वीहरुको वसोवास छ। तामाङ्ग/लामा, मगर, व्राह्मण, दलित, क्षेत्री र नेवार जातिको बसोबास रहनुका साथै तामाङ जातिको वाहुल्यता रहेको पाइन्छ। यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा अंगाल्दै आएका छन्। काठमाडौं उपत्यकावाट करिव ४० कि.मि. नजिक रहेकोले यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु सोही बजार क्षेत्रमा वढी खपत र विक्री हुने गरेको छ । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस क्षेत्रमा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । नवगठित गाउँपालिका भएकोले यसलाई एक सक्षम गाउँपालिकाको रुपमा स्थापना गर्ने चुनौति समग्र गाउँवासी तथा सरकारी र गैरसरकारी निकायहरुको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा सही नीतिको पहिचान गरी नीतिको अवलम्बनका साथै योजनावद्ध विकास गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।

**सभा अध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु,**

यसै क्रममा अव म आगामी आर्थिक वर्ष ०८२/०८३ को बजेटका उद्वेश्य तथा प्राथामिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी वजेट निम्न उद्वेश्य प्राप्तिमा केन्द्रित रहेको ब्यहोरा यस सभा समक्ष अनुरोध गर्दछु ।

- प्रत्येक वडा कार्यालय जोड्ने सडक व्यवस्थित, विस्तार र स्तरोन्नति गर्ने ।
- कृषि र पशु क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जनमा स्तरोन्नति गर्ने।
- बालमैत्री, अपाङ्गता मैत्री, वातावरण मैत्री र सरसफाइ युक्त गाउँपालिका बनाउने ।
- आधारभूत तहको पूर्वाधारको सुबिधा, प्रविधियुक्त इन्द्रसरोवर बनाउने ।
- स्वास्थ्य सेवाको बिकास, विस्तार तथा प्रत्येक नागरिकले स्वास्थ्य सेवा प्राप्त गर्ने अवसरको सुनिश्चितता गर्ने।
- शिक्षा पूर्वाधारमा आधुनिकीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने।
- गरिब घरपरिवार पहिचान गरी रोजगारी सिर्जना गर्ने तथा उद्यमशीलता प्रवर्दन गर्ने।
- विपद् व्यस्थापनलाई प्राथमिकतामा राखी विपद्को जोखिम न्यूनीकरणका लागि आवश्यक पहल गर्ने।

**आगामी आर्थिक वर्ष ०८२/०८३ को बजेटका प्राथामिकताहरु निम्न अनुसार रहेका छन् :**

- भरपर्दो सुबिधा युक्त सडक संजाल स्तरोन्नति तथा विस्तार गर्ने।
- गाउँपालिका निवासीका जीवनस्तरमा सुधार आउने गरि स-साना रोजगारमुलक कार्यक्रम संचालन गर्ने।
- समन्यायिक विकासका लागि कृषि, पशुपालन पर्यटन लगायतका क्षेत्रको प्रवर्द्धन गर्ने।

- सार्वजनिक सेवा प्रवाह गुणस्तरीय, पारदर्शी , समकालीन र नागरिक मैत्री बनाई सुशासन कायम गर्ने।
- गुणस्तरीय तथा प्राविधिक, जीवनोपयोगी र व्यवहारिक शिक्षा मार्फत समाज तथा राष्ट्रका लागि उच्च योगदान दिन सक्ने जनशक्ति तयार गर्न आधार तयार गर्ने।
- कृषि क्षेत्रको व्यवशायीकरण, यान्त्रीकरण र बजारीकरण गरी कृषि प्रतिको आकर्षण अभिवृद्धि गर्ने।

**सभा अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,**

अब म क्षेत्रगत तथा विषयगत कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

<u>पूर्वाधार विकासतर्फ</u>

- इन्द्रसरोवर गाउँपालिकाको सडकहरु संचालन गर्नका निमित्त संघीय सरकार लागत साझेदारीका रुपमा कार्य गर्न समपुरक कोषमा रु ७६ लाख बजेट बिनियोजन गरेको छु ।
- गाउँपालिको गौरवको आयोजनाका रुपमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको निरन्तरताका लागि आवश्यक बजेट **रु २ करोड** विनियोजन गरेको छु ।
- इन्द्रसरोवर गाउँपालिकाको वडा नं.४ स्थित वीर फाखेल मैत्री पार्क निर्माणलाई निन्तरता दिनका लागि **रू. ८० लाख** विनियोजन गरेको छु।
- सडक वोर्डबाट प्राप्त हुने वजेटलाई साझेदारी गर्नका लागि रु २० लाख बजेट विनियोजन गरेको छु।
- यस गाउँपालिकाको वडा नं. ४ स्थित कालिका माध्यमिक विद्यालयमा निर्माणाधीन छात्रावासको लागि रु ४० लाख ६ करोड १५ लाख विनियोजन गरेको छु।

## आर्थिक विकास

- संघीय बजेट र यस गाउँपालिकाबाट विनियोजन हुने श्रोतबाट गाउँपालिका भरि ब्यबसायीक रुपमा कृषि ब्यबसाय र पशुपालनमा संलग्न कृषकहरुलाई प्रोत्साहन गर्नका निमित्त कृषि तथा पशु शाखा मार्फत आवश्यक बजेटको ब्यबस्था गरेको छु।
- रासायनिक मलमा प्रति के.जी ढुवानी अनुदानका लागि रु १० लाख बजेट बिनियोजन गरेको छु।
- कृषि तथा पशुपन्छी व्यावसायिक किसानहरुलाई सहकारी मार्फत व्याजमा अनुदान दिने कार्यलाई निरन्तरता दिनका लागि रु ७ लाख बजेट बिनियोजन गरेको छु।
- समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत प्रदेश सरकारसँग साझेदारी गर्नका लागि रु ११ लाख बजेट बिनियोजन गरेको छु।
- माटो परीक्षण सहित ७० प्रतिशत अनुदानमा कृषि चुन वितरणका लागि रु ५ लाख छुट्याएको छु।
- रासायनिक विषादी सम्बन्धी जनचेतनामुलक कार्यक्रमका लागि रु ४ लाख वजेट विनियोजन गरेको छु।
- विद्युतीय लिफ्टिङ खानेपानीका लागि विद्युत महसुल बापतको रकम रु ११ लाख बजेट बिनियोजन गरेको छु।
- कृषि विकासका लागि अन्य निरन्तर कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषि विकासतर्फ जम्मा ५२ लाख ५० हजार रुपैया बजेट विनियोजन गरेको छु।
- पशुपन्छीजन्य रोग नियन्त्रणको लागि निशुल्क औषधि वितरण कार्यक्रमको लागि ७ लाख विनियोजन गरेको छु।
- खोप कार्यक्रमको लागि रु ४ लाख छुट्याएको छु।
- निशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिनको लागि रु ४ लाख विनियोजन गरेको छु।
- समग्रमा पशु विकास शाखाको लागि रु ३४ लाख ५० हजार विनियोजन गरेको छु।
- उत्कृष्ट सहकारी सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छु।उक्त कार्यक्रम सहित सहकारी शाखाको लागि रु ५ लाख ५० हजार वजेट विनियोजन गरेको छु।
- राष्ट्रिय रोजगार कार्यक्रमको साझेदारी गर्नका लागि इन्द्रसरोवर रोजगार कार्यक्रमका लागि रु २५ लाख बजेट विनियोजन गरेको छु।यसका साथै सामी कार्यक्रम लगायत अनौपचारिक क्षेत्रका श्रमिकहरु तथा स्वयंसेविकाको सामाजिक सुरक्षा योजना समेत गरी कुल ४४ लाख बजेटको व्यवस्था गरेको छु।
- उद्यम विकास कार्यक्रमको लागि रु ७ लाख बजेट विनियोजन गरेको छु।

## सामाजिक विकास तर्फ

- इन्द्रसरोवर गाउँपालिकाले शिक्षा, स्वास्थ्य, मानव विकास र गरिवी न्यूनिकरण गर्न लक्षित वर्ग लगायत न्यून आय भएका वर्गलाई उच्च प्राथमिकता दिएको छु ।
- शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास तालिमका लागि रु ८ लाख वजेट विनियोजन गरेको छु।
- अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिएको छु। यसका लागि रु ५ लाख छुट्याएको छु।
- शैक्षिक सामग्रीको प्रदशनीको लागि १ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- विद्यालय शिक्षक विद्यार्थी र विद्यालय व्यवस्थापन समिति सम्मान कार्यक्रमको निरन्तरताको लागि ३ लाख बजेट विनियोजन गरेको छु।
- आधारभूत विद्यालयहरुका लागि ल्यापटप वितरण गर्नका लागि ३ लाख २० हजार वजेट विनियोजन गरेको छु।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि रु ७ लाख विनियोजन गरेको छु।
- विद्यालय स्काउट कार्यक्रमका लागि रु ८ लाख, माध्यमिक विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानका लागि रु १२ लाख विनियोजन गरेको छु।
- अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि रु ५ लाख व्यवस्था गरेको छु।
- समग्रमा शिक्षा तर्फ २ करोड ६८ लाख ५१ हजार ९४४ बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य तर्फको औषधि तथा स्वास्थ्य सामग्री खरिद तर्फ रु १२ लाख बजेट विनियोजन गरेको छु।
- एकीकृत स्वास्थ्य घुम्ती शिविर कार्यक्रम सञ्चालनका लागि रु ४ लाख ५० हजार वजेट विनियोजन गरेको छु।
- इन्द्रसरोवर सुत्केरी महिला पोषण कार्यक्रमको निरन्तरता स्वरुप रु १० लाख बजेट विनियोजन गरेको छु।
- आँखा शिविर सञ्चालनलाई निरन्तरता दिएको छु। यस कार्यक्रमको लागि रु ७ लाख बिनियोजन गरेको छु।
- समग्रमा स्वास्थ्य तर्फ ७४ लाख ९१ हजार विनियोजन गरेको छु।
- जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छु ।यसका लागि रु २० लाख बजेट विनियोजन गरेको छु।
- दलित उत्थान, जनजाति उत्थान, तिज ल्होसार लगायत राष्ट्रिय चाडपर्व, तामाङ सम्भोटा लिपी समेत गरी महिला बालबालिका तथा जेष्ठ नागरिकहरुका लागि ६४ लाख ४० हजार विनियोजन गरेको छु।
- इन्द्रसरोवर कप कार्यक्रमलाई निरन्तरता दिएको छु यसका लागि रु ८ लाख छुट्याएको छु।
- समग्रमा सामाजिक विकासतर्फ ४ करोड २१ लाख ८२ हजार ९४४ विनियोजन गरेको छु।

**<u>वन वातावरण तथा विपद व्यवस्थापन</u>**

- वातावरणीय स्वच्छता कायम राख्न र सरसफाई कार्यलाई थप ब्यवस्थित गर्न वृक्षारोपण गर्ने, सडक तथा खानेपानी मर्मत सम्भार र विपद् व्यवस्थापन गर्नको लागि आवश्यक रु ७९ लाख बजेट विनियोजन गरेको छु ।

**<u>संस्थागत बिकास सेवा प्रवाह तथा सुशासन</u>**

- सूचना र प्रविधिको सदुपयोगका लागि गाउँपालिकालाई सुचना प्रविधिमैत्री वनाउनमा जोड दिईएको छ ।
- समग्र गाउँपालिकाबाट प्रदान गर्ने सेवा प्रवाह चुस्त-दुरुस्त गर्न, संस्थागत विकास र सुशासन क्षेत्रको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- समग्रमा संस्थागत बिकास सेवा प्रवाह तथा सुशासनका लागि रु २६ लाख ५० हजार विनियोजन गरेको छु।

❖ **कार्यालयको प्रशासनिक कामकाजलाई प्रभावकारी बनाउन चालू खर्च तर्फ रु ८ करोड विनियोजन गरेको छु।**

**सभा अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,**

**अब म वडागत बजेट प्रस्तुत गर्न चाहन्छु ।**

❖ वडाबाट माग भई आएका योजना सञ्चालन गर्नको लागि

- वडा नं. १ को लागि रु. ६० लाख ,
- वडा नं.२ को लागि ६० लाख,
- वडा नं.३ को लागि ६५ लाख,
- वडा नं. ४ को लागि ५० लाख
- वडा नं.५ को लागि ५० लाख
- **जम्मा रू. २ करोड ८५ लाख विनियोजन गरेको छु ।**

**सभा अध्यक्षज्यू तथा सभा सदस्यज्यूहरु,**

अव म संघीय सरकार तथा प्रदेश सरकार, अन्य निकाय र गाउँपालिकाको आफ्नो श्रोतबाट हुने गरी आगामी वर्षका लागि विनियोजन गरेको वजेट प्रस्तुत गर्न चाहान्छु।

**संघीय सरकार तर्फः**

- संघीय वित्तिय समानीकरण अनुदानमा ७ करोड ११ लाख
- संघीय सशर्त अनुदानमा १३ करोड ४९ लाख
- संघीय राजस्व बाँडफाँड अनुदानमा ६ करोड ७४ लाख ५७ हजार ६३२ रुपैया
- संघीय राजस्व बाँडफाँड अनुदान (विद्युत रोयल्टी र वन) मा १ करोड ९८ लाख
- संघीय विषेश अनुदान ६८ लाख
- संघीय समपुरक अनुदान ७६ लाख

**प्रदेश सरकार तर्फः**

- प्रदेश वित्तिय समानिकरण अनुदानमा ६६ लाख १९ हजार
- प्रदेश सशर्त चालु तथा पुंजिगत अनुदानमा २ करोड ४२ लाख ५७ हजार
- प्रदेश राजस्व बाडफाँड (सवारी साधन) अनुदानमा २ करोड ८३ लाख ७ हजार, ७८४
- प्रदेश विशेष अनुदानमा ६५ लाख

आन्तरिक तर्फः

- **आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आन्तरिक आयमा ४ करोड ३८ लाख ५८ हजार ५ सय ३३ रुपैया ८४ पैसा**

**आर्थिक वर्ष २०८२/०८३ का लागि** संघीय सरकार, प्रदेश सरकार, अन्य निकाय र आन्तरिक श्रोतबाट **जम्मा रु. ४१ करोड ७२ लाख अनुमानित बजेट प्रस्तावित गरेको छु।**

**सभा अध्यक्षज्यू -तथा सभाका सदस्यज्यूहरु,**

**अन्त्यमा,**

यस गाउँपालिकाको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुर्याउनु हुने इन्द्रसरोवर गाउँपालिकाका सभाध्यक्षज्यू, वडा अध्यक्ष ज्यूहरु, सम्पुर्ण सभा सदस्यज्यूहरु, इन्द्रसरोवर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत विषयगत शाखाका प्रमूख र सम्पुर्ण कर्मचारी मित्रहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

**धन्यवाद ।**

**श्री उमा कुमारी लामा**

**उपाध्यक्ष**

**इन्द्रसरोवर गाउँपालिका**